# नेपाल राष्ट्र बैंक
## भुक्तानी प्रणाली विभाग

### अनलाइन बैंकिङ्ग, मोबाइल बैंकिङ्ग, डिजिटल वालेट जस्ता विद्युतीय भुक्तानीका माध्यमबाट अनलाइन जुवा तथा बाजीजन्य गैर कानूनी कार्यहरुमा संलग्न नहुन सर्वसाधारणमा जारी गरिएको

## सूचना

१. जुवा तथा बाजीजन्य (Gambling and Betting) कार्यहरु गैर कानूनी हुन् । यस्ता प्रकृतिका कारोबारहरुमा सहभागी नहुन सर्वसाधारणमा सूचित गरिन्छ ।

२. विद्युतीय भुक्तानी कारोबार मार्फत जुवा तथा बाजी लगायतका कार्यमा कोही संलग्न भएको पाइएमा सम्बन्धित व्यक्ति/समुह/संस्थालाई कानूनी कारबाही हुने तथा निजहरुको बैंक खाता, मोबाइल वालेट लगायतबाट हुने कारोबारहरु रोक्का गरिनेछ ।

३. यस बैंकबाट इजाजत/अनुमतिपत्रप्राप्त संस्थाहरुले जुवा तथा बाजीजन्य गैर कानूनी कार्यहरुको भुक्तानी बैंक खाता, मोबाइल बैंकिङ्ग, मोवाइल वालेट लगायतका माध्यमबाट हुन नदिने व्यवस्था मिलाउनुहुन यसै सूचनाद्वारा जानकारी गराइएको छ ।

४. कसैले विद्युतीय भुक्तानीका माध्यमवाट जुवा तथा बाजीजन्य कार्य गरेको जानकारी प्राप्त भएमा यस बैंकको फोन नम्बर : ०१-४४४३८७८ वा इमेल ठेगाना psdept@nrb.org.np मा जानकारी गराइदिनु हुन अनुरोध छ ।

**मिति : २०७९/०८/२७** **कार्यकारी निर्देशक**